**खारेजीको प्रक्रियामा रहेको नेपाल विकास बैंक लिमिटेडको बाँकी सम्पत्ति खरिद तथा दायित्व एवं जिम्मेवारी हस्तान्तरण गरिलिएको सम्बन्धी प्रेस विज्ञप्ती :**

खारेजीको प्रक्रियामा रहेको नेपाल विकास बैंक लिमिटेडको बाँकी सम्पत्ति खरिद तथा दायित्व एवं जिम्मेवारी हस्तान्तरण गरिलिने सम्बन्धमा प्रभु बैंक लिमिटेड र खारेजीको प्रक्रियामा रहेको नेपाल विकास बैंक लिमिटेडका लिक्विडेटर विच मिति २०७१/१०/११ गते सम्पन्न अन्तिम सम्झौता, नेपाल राष्ट्र बैंकबाट मिति २०७१/११/०६ गते प्राप्त अन्तिम सहमती एवं सम्मानित पुनरावेदन अदालत पाटनको मिति २०७१/११/२५ गतेको आदेश बमोजिम प्रभु बैंक लिमिटेडले मिति २०७१/१२/०१ गतेका दिन खारेजीको प्रक्रियामा रहेको नेपाल विकास बैंक लिमिटेडको बाँकी सम्पत्ति खरिद तथा दायित्व एवं जिम्मेवारी हस्तान्तरण गरिलिएको छ ।

यस पश्चात् खारेजीको प्राक्रियामा रहेको नेपाल विकास बैंक लिमिटेडका Fit & Proper Test का मापदण्ड पुरा गर्ने संस्थापक शेयरधनीहरु र सर्वसाधारण शेयरधनीहरुले नेपाल विकास बैंक लिमिटेडको ६ कित्ता शेयर बराबर प्रभु बैंक लिमिटेडको १ कित्ता शेयर प्राप्त गर्ने छन् र Fit & Proper Test का मापदण्ड पुरा गर्न नसक्ने संस्थापक शेयरधनीहरु वा शेयर वापतको रकम नगद लिन चाहने संस्थापक शेयरधनीहरुले शेयर वापत प्रति कित्ता रु. ३०।- का दरले रकम प्राप्त गर्न सक्नेछन् । यसैगरी साबिक नेपाल विकास बैंक लिमिटेडका बचतकर्ताहरुले आफ्नो रकम प्रभु बैंकबाट भुक्तानी लिन सक्नेछन् भने ऋणीहरुको बक्यौता रकम असुली गर्ने अधिकार पनि बैंकमा नै रहेको छ ।

धन्यवाद !

मिति २०७१/१२/०३ गते